# लहान नगरपालिका कार्यालय
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)

☎:- ०३३ ५६०१३८ कार्यालय, ५६०१३९ प्रशासन, ५६०३७० राजश्व, ५६०१३७ फ्याक्स

पत्र संख्या :- २०७२/०७३
चलानी नं. :- ६०६४ (दोश्रो पटक सूचना प्रकाशित मिति २०७३/०३/१२) मिति :- २०७३/०३/१२

## बिषय :- गुदरी हाट बजार सेवा शुल्क ठेक्काको शिलवन्दी बोलपत्र आह्वान सूचना ।

स्थानीय स्वायत शासन ऐन, (शंसोधन सहित) २०५५ र नियमाबली, (शंसोधन सहित) २०५६ तथा (स्थानीय निकाय) आर्थिक प्रशासन नियमाबली, (शंसोधन सहित) २०६४ बमोजिम यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने आन्तरिक श्रोत तर्फको आय, कर, शुल्क, दस्तुर नवौं नगर परिषद्‌बाट स्वीकृत दररेटमा तपसिल वमोजिमको आय शीर्षकमा आ.व. २०७३/०७४ (२०७३ साल श्रावण १ गते देखि २०७४ आषाढ मसान्त सम्म) वर्ष-१ (एक) को लागि यस कार्यालयको च.नं. ५५७७ मिति २०७३/०२/०९ गते प्रथम पटक प्रकाशित सूचना वमोजिम एकमात्र पनि बोलपत्र विक्री/दर्ता नभएकोले मिति २०७३/०३/१० को यस न.पा.को निर्णयानुसार **पुनः दोश्रो पटक** सिलवन्दी बोलपत्र आह्वान सूचना प्रकाशन गरी उक्त आय संकलन ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वको सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

**तपसिल :-**

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. (VAT तथा आयकर वाहेक) | वोलपत्र फारम दस्तुर रु. (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| ०१. | गुदरी हाट बजार सेवा शुल्क | २१,४६,२६६।- | १,०००।- | वोलपत्र |

**शर्तहरु :-**

०१. यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्द) दिन सम्म कार्यालय समय भित्र उल्लेखित वोलपत्र फारम दस्तुर तथा टिकट बापत रु. १०।- समेत (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । उक्त समयमा वोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि रितपूर्वकको वोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. वोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थीत रहेको यस कार्यालयको च.हि.नं. ०३६०२०००००००००३००००६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भाउचर वा सो रकम वरावरको यस कार्यालयको नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कवाट जारि गरिएको कम्तीमा १२० दिन म्याद भएको विडवण्ड पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम वोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन । साथै सो बोलपत्र मान्य न भै अमान्य हुनेछ ।

०५. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. बोलपत्र स्वीकृत भए पछि ठेक अंकको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% र VAT तथा आयकर वापत १४.५% समेत जम्मा १६% (सोरह प्रतिशत) रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा ५% छुट दिनेछ । एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक रकमको तिन किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु अगाबै दोश्रो किस्ता २०७३ कार्तिक ०१ गते तथा तेश्रो किस्ता ०७३ माघ ०१ गते बुझाउनु पर्ने छ । साथै किस्ता बन्दी गर्दा बाँकी ठेक रकम बराबरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कवाट जारि गरिएको कम्तीमा १५ महिना म्याद भएको कार्य सम्पादन जमानीपत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ ।

०७. ठेक्का अवधि २०७३ साल श्रावण १ गते देखि २०७४ साल आषाढ मसान्त सम्म १ वर्ष को हुने छ । कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

इन्जिनियर
नगरपालिका

०८. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणवाट सृजना हुने वन्द हडताल हुन गएमा स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धित नियमावलि, २०६४ को नियम १७१ मा व्यवस्था भए वमोजिम हुने छ ।

०९. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१०. एक पटक शुल्क लिई सकेको सामानमा पुन: दोहरो शुल्क लिन पाईने छैन ।

११. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद न.पा.कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुखवाट प्रमाणित गराई कार्यालयको छाप लगाई रसिद नम्वर दाखिल गरेर मात्र प्रयोग गर्न पाईनेछ । प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानूनी कार्यवाही गरिनेछ ।

१२. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली न.पा.कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले दरवन्दी भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१३. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्वायत्त शासन नियमावली (संशोधन सहित) २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, (संशोधन सहित) २०६४ र नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा.ले समाधान गर्नेछ र सोही समाधान अन्तिम पनि हुनेछ ।

१४. ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भई ठेक्का तोडिन गएमा नगरपालिकाले दामाशाहीले अंक निर्धारण गर्नेछ, त्यसमा ठेकेदारले कुनै विवाद गर्न पाउने छैन ।

१५. प्राप्त वोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. बोलपत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिने छ ।

## हाट वजार (गुदरी) सेवा शुल्क

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| ०१ | अम्लीसोको कुचो तथा राडी खरको कुचो वेच्ने वाट लिने प्रति सैकडा | २५।- |
| ०२ | आलु मन एकको वेचने संग लिने | १०।- |
| ०३ | लिचि वजारमा वेच्ने वाट लिने प्रति सैकडा | ५।- |
| ०४ | कलमी आँप वेच्ने वाट लिने प्रति मन | २०।- |
| ०५ | सरही आँप वेच्ने वाट लिने प्रति मन | १५।- |
| ०६ | परेवा प्रति जोडा वेच्ने वाट लिने | १०।- |
| ०७ | कुखुरा प्रति थान वेच्ने वाट लिने | १०।- |
| ०८ | फुटपाथमा कठँजा राख्ने सँग लिने प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन | ७५।- |
| ०९ | भोर्लाको पात ठे.वाट किन्ने व्यापारी सँग लिने प्रति भाडी | ५।- |
| १० | फुटपाथमा चुडा तथा लहठी पसल गर्ने सँग लिने पसल एकको | १५।- |
| ११ | फुटपाथमा चामल, च्युरा वेच्ने वाट लिने प्रति ढक्की | ५।- |
| १२ | घानको ढुटो (भुषा गुन्डा) मन एकको वेच्नेवाट | १०।- |
| १३ | फुटपाथमा वसी टर्च, लाइट र स्टोव, जुता, छाता मरम्मत तथा चुरा, (चुडी) ढक्कीमा तेल र पिना, कँकट, तमाखु, वाँसको ढक्की, समेत वेच्ने वाट लिने प्रति दिन | २०।- |
| १४ | सुर्ति राम्रो, सुकेको खुर्सानी, सुकेको हर्दि (वेसार) पसल थापी वेच्ने वाट लिने प्रति मन | १५।- |
| १५ | फुटपाथमा सुर्ति डांट,काँचो हर्दि अथवा शखरखण्ड, पसल थापी वेच्ने वाट लिने प्रति मन | १०।- |
| १६ | विभिन्न साग सव्जी, कटहर,काँक्रा,तरबुजा, खरबुजा आदी साईकलमा ल्याई वेचनेवाट लिने | १०।- |
| १७ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी मोटर साईकलमा ल्याई वेचनेवाट लिने | १५।- |
| १८ | विभिन्न साग सव्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदी रिक्सा टेलामा ल्याई वेचनेवाट लने | २५।- |
| १९ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा, खरबुजा आदी गोरु गाडामा ल्याई वेचनेवाट लिने | ५०।- |
| २० | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी टायर गाडामा ल्याई वेचनेवाट लिने | ७५।- |
| २१ | विभिन्न साग सव्जी, कटहर, काँक्रा,तरबुजा, खरबुजा आदी ट्र्याक्टरमा ल्याई वेचनेवाट लिने | १५०।- |
| २२ | विभिन्न साग सव्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदी ट्रकमा ल्याई वेचनेवाट लिन | २५०।- |
| २३ | विभिन्न साग सव्जी, कटहर, काँक्रा,तरबुजा,खरबुजा आदी प्रति भंङ्गामा ल्याई वेचनेवाट लिन | १५।- |
| २४ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी प्रति वोरामा ल्याई वेचनेवाट लिन | १०।- |
| २५ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी प्रति ढक्कीमा ल्याई वेचनेवाट लिन | ५।- |
| २६ | दर्ता भएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता,भुजा,अण्डा विक्रि गर्ने सँग लिने प्रति दिन | २५।- |
| २७ | दर्ता नभएको ठेलामा फलफुल,तरकारी,चिया,नास्ता,भुजा,अण्डा विक्रि गर्ने सँग लिने प्रति दिन | ५०।- |
| २८ | जुता चप्पल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | २५।- |

नगरपालिका कार्यालय
लहान,सिरहा
स्था.-२०४५

लहान नगरपालिका

| | | |
|---|---|---|
| २९ | गुंड, (शखर) अथवा कँकट तमाखु वेच्ने वाट लिने प्रति मन | २०।- |
| ३० | फुटपाथमा रहने हलुवाई, चक्कु, हँसीया,खुर्पि,खुम्चा,जाँतो सिलौटो पसल एकको प्रति दिन लिने | १५।- |
| ३१ | न.पा.मातहतको टहरो न.पा.ले वहालमा नदिई उपलब्ध गराएको सार्वजनिक स्थानमा गन्जी, गम्छा, तथा तयारी लुगा वेच्ने पसल एकको लिने प्रति दिन | ५०।- |
| ३२ | हटिया र फुटपाथमा विक्रि हुने नाग्लो थान-१ | ५।- |
| ३३ | फुटपाथमा माटोको भाँडा राखि वेच्ने पसल (बढीमा ५० बर्ग फिट) को लिने प्रति दिन | २५।- |
| ३४ | फुटपाथमा रहेको टहरो सानो पसल,कपाल,दाह्री, काटने पसल एकको लिने प्रति दिन | १०।- |
| ३५ | खेल चटक, तमासा इत्यादी गर्ने जडी वुटि तथा सो सरहको सामान (माइक नराखि) वेच्ने वाट लिने प्रति दिन | १०।- |
| ३६ | सार्वजनिक जग्गामा कांटा राखि गल्ला खरीद विक्रि गर्ने सँग लिने प्रति दिन | ५०।- |
| ३७ | न.पा.क्षेत्रमा माइक राखि प्रचार प्रसार गर्ने जडीवुटी वेच्ने पसल सँग लिने प्रति दिन | ५०।- |
| ३८ | पाटको डोरी सिक अथवा सावेको डोरी वेच्ने पसल एकको प्रति | ५।- |
| ३९ | ठूलो माछा ठूलो पसल एकको प्रति दिन | १००।- |
| ४० | ठूलो माछा सानो पसल एकको प्रति दिन | ५०।- |
| ४१ | अन्य जंगली माछा घुगी, सितुवा पसल एकको (पसल हेरी) वढीमा प्रति दिन | २५।- |
| ४२ | ठूलो माछा विक्री गर्ने व्यापारी संग लिने प्रति मन | २००।- |
| ४३ | सिधा माछा थोक विक्रि गर्ने वाट लिने प्रति मन | ३००।- |
| ४४ | सिधा माछा ठूलो विक्रि गर्ने वाट लिने प्रति दिन | ३०।- |
| ४५ | सिधा माछा सानो खाले विक्रि गर्ने वाट लिने प्रति दिन | २०।- |
| ४६ | रांगा काटि मासु वेच्ने वाट लिने प्रति गोटा | ५०।- |
| ४७ | खसी काटी वा वाहिरवाट काटी ल्याई विक्री गर्नेवाट लिने प्रति गोटा | २५।- |
| ४८ | सुँगुर जिवित वा काटेर अथवा घरैवाट काटेर ल्याई मासु वेच्ने वाट लिने प्रति गोटा | २५।- |
| ४९ | वाँस वति प्रति गाडा वेच्नेवाट लिने | २५।- |
| ५० | जंगली वाँस ( कोरो) टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | १०।- |
| ५१ | जंगली वति टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | ५।- |
| ५२ | दाउरा साईकलमा वोकी ल्याउने सँग लिने प्रति साईकल | ७।- |
| ५३ | दाउरा टाउकोमा वोकी ल्याउने सँग लिने प्रति वोझा | ५।- |
| ५४ | प्याजको विउ प्रति ढकी विक्रि गर्ने सँग लिने | ५।- |
| ५५ | प्याजको विउ प्रति वोरा विक्रि गर्ने सँग लिने | १०।- |
| ५६ | केरा घरी-१ को | १०।- |
| ५७ | मसाला सामान बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ५०।- |
| ५८ | बिभिन्न तरकारी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- |
| ५९ | चामल,च्युरा,पिठो आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- |
| ६० | गुन्दरी,पटीया आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन लिने | १००।- |
| ६१ | फलफुल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ४०।- |
| ६२ | चौकीमा राखि नाक, कान आदी सामान बिक्रि गर्ने तथा नाक कान छिर्ने संग लिने | ५०।- |
| ६३ | चौकीमा राखि दालमुट, भुजिया आदी बिक्री गर्ने संग लिने | ५०।- |
| ६४ | अदुवा बिक्री गर्ने संग लिने प्रति मन | २०।- |
| ६५ | साडी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ४० बर्ग फिट) प्रति दिन लिन | ५०।- |

**द्रष्टव्य** :-

(क) गुदरी हाट सेवा शुल्क दस्तुरमा न.पा.को मातहतमा रहेको नम्बरी वा सार्वजनिक जग्गामा किन वेच गर्ने वाहेक आफनो पसल घर वा भाडा घरमा किन वेच गर्दा कुनै प्रकारको सेवा शुल्क असुल गर्न पाइने छैन ।

(ख) उपरोक्त दररेटमा लेख्न छुट भएको पहाडी जडीवुटी इत्यादी मन एकको वढीमा रु २०।- र गिन्ती हुने वस्तुको प्रति सैकडा रु.१०।- सम्म ठेकेदारको वास्तविक तजविजले हेरी असुल गर्ने र न.पा. वाट नयाँ हटियामा निर्माण भएका पक्की घरमा भाडा तिरी पसल गर्नेहरु सँग उक्त शुल्क लिने छैन

(ग) नगरपालिकाले तोकी दिएको ऐलानी जग्गामा न.पा.को स्वीकृती लिई राखेको पसलमा दैनिक शुल्क असुल गर्न पाइने छैन ।

(घ) पहाडवाट आउने जडीवुटीहरु लहान वजारमा ढाकेहरुले पुऱ्याउन नपाई वाटो वाटै व्यापारीहरुले वाटोमानै खरीद गरी आफनो साधन वाट ढुवानी गरी ल्याएमा सो जडी वुटिमा गुदरीहाट कर लिइने छैन । अन्यथा ढाकेवाट ढुवानी गराई ल्याएमा सो जडीवुटिमा गुदरी हाट सेवा शुल्क लिइनेछ ।

इन्जिनियर
लहान नगरपालिका